केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०७५/११/१६

## भाग - १

## केपिलासगढी गाउँपालिका

### केपिलासगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम केपिलासगढी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम "केपिलासगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन केपिलासगढी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले केपिलासगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाल केपिलासगढी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका"भन्नाले केपिलासगढी गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त केपिलासगढी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही केपिलासगढी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

प्रमाणीकरण मिति : २०७५/११/१६

आज्ञाले,

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत